# लागू औषध नियन्त्रण सम्बन्धी कार्ययोजना
## २०७५

| क.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. लागू औषध अपराध नियन्त्रण विशेष अभियानको लागि पूर्व तयारी (भेला, बैठक, समिति गठन, छलफल/अन्तर्क्रिया गरी कार्ययोजना निर्माण | | | | | |
| १.१ | लागू औषध अपराध नियन्त्रणका लागि आवश्यक मार्गदर्शन, नीति, कानून, मापदण्ड निर्माण, अनुगमन तथा समन्वय गर्न गठित समितिहरूको नियमित बैठक बसी आवश्यक मार्गदर्शन तथा निर्देशन दिने । | गृह मन्त्रालय | सम्बन्धित सबै मन्त्रालय/निकायहरू | तत्काल सुरू गरी निरन्तर | लागू औषध अपराध नियन्त्रण गर्न गठित समितिबाट आवश्यक मार्गदर्शन प्राप्त भई निर्णय कार्यान्वयनको प्रभावकारितामा अभिबृद्धि हुनेछ |
| १.२ | लागू औषध अपराध नियन्त्रणका लागि सबै प्रदेश, जिल्ला र स्थानीय तहमा आमा समूह युवाक्लव तथा बालक्लव जस्ता संघ/संस्थालाई समावेश गरी भेला बैठक राखी वडास्तरीय लागू औषध अपराध अन्त्य सचेतना अभियान सञ्चालन समिति गठन गरी कार्ययोजना बनाउने । | सबै जिल्ला प्रशासन कार्यालयहरू सबै प्रदेश र स्थानीय तहहरू | गृह मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | तत्काल सुरू गरी निरन्तर | लागू औषध अपराध नियन्त्रणका लागि सबै प्रदेश, जिल्ला र स्थानीय तहको अगुवाई र समन्वयमा व्यापक जनसहभागिता परिचालन हुनेछ |
| १.३ | लागू औषध अपराध नियन्त्रणको लागि कार्यक्रम तथा आवश्यक बजेट व्यबस्था गर्ने | अर्थ मन्त्रालय | सम्बन्धित सबै मन्त्रालयहरू | तत्काल | लागू औषध अपराध नियन्त्रणको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यक्रम तथा बजेट उपलव्ध हुनेछ |
| २. सचेतनामूलक अभियान सञ्चालन | | | | | |
| २.१ | लागू औषध अपराध नियन्त्रण सम्बन्धमा स्थानीय संचार माध्यमसंगको साझेदारीमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | सबै स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | तत्काल सुरू गरी निरन्तर | लागू औषध नियन्त्रणमा स्थानीय सञ्चार क्षेत्रसंगको सहकार्य प्रभावकारी हुनेछ |
| २.२ | जिल्ला र स्थानीय तहमा सरोकारवालाहरुको सहयोग र समन्वयमा वृहत जनजागरण कार्यक्रम सञ्चालन गर्ने | सबै जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तह | गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | लागू औषध नियन्त्रणको अभियान सबै जिल्ला र स्थानीय तहमा सशक्तरूपमा सञ्चालन हुनेछ |
| २.३ | लागू औषध अपराध नियन्त्रण सम्बन्धी अनुसन्धान तथा अभियोजनमा संलग्न सरकारी वकिल तथा नेपाल | लागू औषध नियन्त्रण व्यूरो | प्रहरी प्रधान कार्यालय, | ६ महिना | लागू औषध अपराध सम्बन्धी अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउन |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रहरीका जिल्ला स्थित कर्मचारीहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | | | | राष्ट्रसेवकले आवश्यक ज्ञान/सीप हासिल गर्नेछन् |
| २.४ | भन्सार तथा राजश्व अनुसन्धानमा संलग्न कर्मचारीहरूको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | अर्थ मन्त्रालय | गृह मन्त्रालय | ६ महिना | भन्सार/राजश्व अनुसन्धानलाई थप प्रभावकारी बनाउन सो कार्यमा संलग्न राष्ट्रसेवकहरूले आवश्यक ज्ञान, सीप हासिल गर्नेछन् |
| २.५ | लागू औषध नियन्त्रण सम्बन्धी प्रचार प्रसार सामग्री निर्माण गरी व्यापकरूपमा वितरण गर्ने | गृह मन्त्रालय | सम्बन्धित साझेदार संस्थाहरू | ३ महिना | लागू औषध नियन्त्रण सम्बन्धमा सरोकारवालाहरू सुसूचित हुनेछन् |
| २.६ | सबै सञ्चार माध्यम तथा सिनेमाहलहरूमा लागू औषध विरूद्दको सन्देश प्रशारण गर्ने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सबै सिनेमाहलहरू र सञ्चार माध्यमहरू | तत्काल सुरू गरी निरन्तर | सिनेमाहल तथा सञ्चार माध्यमहरूबाट लागू औषध नियन्त्रण सम्बन्धी सन्देश प्रवाह हुनेछ |
| २.७ | टेलिफोन प्रदायक संस्थाहरूले मोबाइलफोन मार्फत लागू औषध विरूद्दको सन्देश संप्रेषण गर्ने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | गृह मन्त्रालय, सबै टेलिफोन सेवा प्रदायक संस्था | तत्काल सुरू गरी निरन्तर | मोबाइल फोनबाट लागू औषध नियन्त्रण सम्बन्धी सन्देश प्रवाह हुनेछ |
| २.८ | लागू औषध उत्पादन, सञ्चय, ओसारपसार, विक्री तथा सेवन सम्बन्धमा सहि सूचना दिनेलाई प्रोत्साहनको व्यवस्था गर्ने | गृह मन्त्रालय | सबै स्थानीय तह | निरन्तर | लागू औषध उत्पादन, सञ्चय, ओसारपसार, विक्री तथा सेवन सम्बन्धी सूचना प्राप्तीमा सहयोग पुग्नेछ |
| २.९ | विमानस्थल तथा बसपार्कहरूमा लागू औषध नियन्त्रण सम्बन्धी विद्दुतीय माध्यमबाट चेतनामूलक तथा सन्देशमूलक सूचना Display/ प्रशारण गर्ने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण तथा सबै स्थानीय तहहरू | गृह मन्त्रालय | १ महिना भित्र सुरू गरी निरन्तर | विमानस्थल तथा बसपार्कहरूमा हुने लागू औषध अपराध नियन्त्रणमा सहयोग पुग्नेछ |
| २.१० | कार्गो/कुरियर, औषधि व्यवसायी, यातायात व्यवसायी, तथा सबारी चालकहरूको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | प्रहरी प्रधान कार्यालय | गृह मन्त्रालय, लागू औषध नियन्त्रण व्यूरो | ३ महिना | कार्गो कुरियर औषधि व्यवसाय तथा सबारी साधनबाट हुन सक्ने लागू अपराध रोक्न मद्दत पुग्नेछ । |
| २.११ | लागू पदार्थको सेवनबाट हुने व्यक्तिगत समस्या, सामाजिक र आर्थिक रुपमा हुने क्षति, दुर्व्यसनको लक्षण, प्रभाव र जोगिने उपायहरु सम्बन्धमा विद्यालय कलेजमा प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने । | गृह मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्य साझेदार संस्थाहरू | तत्काल सुरू गरी निरन्तर | लागू औषध सेबन दुरूत्साहनमा सघाउ पुग्नेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१२ | किशोर किशोरीहरुलाई लागू औषध सम्बन्धी अपराधबाट जोगाउन विभिन्न खेलकुद लगायतका अतिरिक्त क्रियाकलापहरूमा सहभागी गराउने | महिला वाल वालिका तथा जेष्ठ नागरिक मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | तत्काल सुरू गरी निरन्तर | किशोर किशोरीहरू विभिन्न रचनात्मक तथा सृजनात्मक क्रियाकलापमा संलग्न हुनेछन |
| २.१३ | स्थानीय तहका जनप्रतिनिधिहरूको लागि अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गृह मन्त्रालय, सबै स्थानीय तह | तत्काल सुरू गरी निरन्तर | लागू औषध विरूद्धको अभियानमा स्थानीय तहका निर्वाचित प्रतिनिधिको जागरूकता र सहभागिता बढ्नेछ |
| २.१४ | लागू औषध उत्पादन, ओसारपसार, विक्रीवितरण तथा सेवन विरुद्ध सचेतना अभियान सम्बन्धी श्रव्यदृश्य सामग्री निर्माण तथा प्रशारण गर्ने | गृह मन्त्रालय | अर्थ मन्त्रालय | ६ महिना | लागू औषध नियन्त्रणमा न्यूनीकरण र लागू औषध विरूद्धको सचेतना अभियानमा प्रभावकारिता आउनेछ |
| २.१५ | स्थानीय तहमा लागू औषध दुर्व्यसनबाट पर्ने असर झल्किने सडक नाटक प्रदर्शन तथा सांगितिक कार्यक्रम आदि प्रदर्शन गर्ने । | सम्बन्धित साझेदार संघ सस्था | स्थानीय तह | निरन्तर | लागू औषध विरूद्धको सचेतना अभियानमा प्रभावकारिता आउनेछ |
| २.१६ | लागू औषध दुरूपयोग तथा ओसारपसार विरूद्द अन्तर्राष्ट्रिय दिवश २६ जुन प्रदेश र स्थानीय तहमा विभिन्न कार्यक्रमहरू आयोजना गरी मनाउने | सबै प्रदेश तथा स्थानीय तह | सम्बन्धित साझेदार संघ सस्था | जुन २६ र अघि/पछिका उपयुक्त अन्य दिनहरू | लागू औषध विरूद्धको सचेतना अभियानमा प्रदेश र स्थानीय तहको सहभागिता बढ्नेछ |
| ३. लागू औषधको श्रोत पहिचान तथा नष्ट अभियान | | | | | |
| ३.१ | प्राकृतिक तथा व्यवसायिक रूपमा गाँजा तथा अफिम खेती हुने स्थानको पहिचान गरी जनसहभागितामा नष्ट अभियान सञ्चालन गर्ने | प्रहरी प्रधान कार्यालय | लागू औषध नियन्त्रण व्यूरो, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | तत्काल सुरू गरी निरन्तर | प्राकृतिक तथा व्यवसायिक रूपमा हुने गाँजा तथा अफिम खेती नष्ट गर्ने अभियानमा प्रभावकारिता आउनेछ |
| ३.२ | Drug Intelligence लाई थप प्रभावकारी तुल्याइ लागू औषध कारोबारमा संलग्न अपराध निष्तेज पार्ने तथा सुरक्षा कारबाही सञ्चालन गर्ने | प्रहरी प्रधान कार्यालय | गृह मन्त्रालय, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र लागू औषध नियन्त्रण व्यूरो | तत्काल सुरू गरी निरन्तर | लागू औषधको आपराधिक नेटवर्क तोडी लागू औषध अपराध नियन्त्रणको कानूनी कारबाहीमा थप प्रभावकारिता आउनेछ |
| ४. अनुगमन, निरीक्षण, निगरानी, चेकजाँच तथा नियन्त्रण र कानूनी कारबाही | | | | | |
| ४.१ | सीमा क्षेत्रमा हुने लागूऔषधको ओसारपसार नियन्त्रणका लागि विशेष सुराकी परिचालन गर्ने तथा चेकजाँच, Cordon and Search लाई तिव्र बनाउने | गृह मन्त्रालय | लागू औषध नियन्त्रण व्यूरो, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान | तत्काल सुरू गरी निरन्तर | सीमा क्षेत्रमा हुने लागूऔषध सम्बन्धी अपराध नियन्त्रण अभियानमा प्रभावकारिता आउनेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विभाग | | |
| ४.२ | लागू औषध उत्पादन, वेचविखन गर्ने तथा सेवन गर्ने संकाष्पद क्षेत्रको पहिँचान, निगरानी तथा आकष्मिक अनुगमन गर्ने | गृह मन्त्रालय | लागू औषध नियन्त्रण व्यूरो, सशस्त्र प्रहरी बल नेपाल | तत्काल सुरू गरी निरन्तर | लागूऔषध सम्बन्धी अपराध नियन्त्रण अभियानमा प्रभावकारिता आउनेछ |
| ४.३ | चिकित्सकको प्रेस्क्रिप्शन विना नियन्त्रित औषधि वेचविखनमा पूर्ण बन्देज गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | औषधि व्यवसायीहरू | तत्काल सुरू गरी निरन्तर | लागू औषधको बेच विखनको दुरूपयोग रोकिनेछ |
| ४.४ | लागू औषधजन्य औषधिहरूको विक्रीमा दुरूपयोग हुन नदिन अनुगमन तथा सक्कल प्रेस्क्रिप्शनमा संकेत जनाउने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | औषधि व्यबसायीहरू | तत्काल सुरू गरी निरन्तर | लागू औषधको बेच विखनको दुरूपयोग रोकिनेछ |
| ४.५ | लागू औषध अपराधमा संलग्न व्यक्ति तथा फरार अभियुक्तहरुलाई नियन्त्रणमा लिने अभियान चलाउने | प्रहरी प्रधान कार्यालय | सशस्त्र पहरी बल नेपाल, लागू औषध नियन्त्रण व्यूरो | तत्काल सुरू गरी निरन्तर | लागू औषध अपराध नियन्त्रणमा प्रभावकारिता आउनेछ |
| ४.६ | लागू औषध ओसारपसारमा संलग्न संगठित गिरोहहरुलाई पक्राउ गर्न इन्टरपोलसंग समन्वय गर्ने । | प्रहरी प्रधान कार्यालय | परराष्ट्र मन्त्रालय | तत्काल सुरू गरी निरन्तर | लागू औषध ओसारपसारमा संलग्न संगठित गिरोह/सञ्जालको अन्त्य गर्न सघाउ पुग्नेछ |
| ४.७ | चिकित्सकको सिफारिस वेगर लागू औषधजन्य औषधि विक्रीवितरण हुनसक्ने औषधि पसलहरुको आकष्मिक अनुगमन गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | औषधी व्यवस्था विभाग, लागू औषध नियन्त्रण व्यूरो | तत्काल सुरू गरी निरन्तर | लागू औषधको बेच विखनको दुरुपयोग रोक्न सहयोग पुग्नेछ |
| ४.८ | जिल्ला प्रवेश गर्ने नाकाहरुमा लागू औषध ओसारपसार गर्न सक्ने संकास्पद सवारीसाधन र व्यक्तिउपर निगरानी र चेकजाँच बढाउने। | प्रहरी प्रधान कार्यालय, लागू औषध नियन्त्रण व्यूरो सशस्त्र प्रहरीबल नेपाल | सम्बन्धित बस व्यवसायी, यातायात मजदुर | तत्काल सुरू गरी निरन्तर | सबारी साधन मार्फत हुने लागू औषध अपराधको नियन्त्रणमा सघाउ पुग्नेछ । |
| ४.९ | लागू औषध सम्बन्धी अपराधमा संलग्न संकास्पद कारोवारीहरुको निगरानी, सूचना संकलन, आकस्मिक अनुगमन, चेकजाँच, नियन्त्रण गरी कानुन वमोजिम कारवाही गर्ने । | प्रहरी प्रधान कार्यालय, लागू औषध नियन्त्रण व्यूरो | सशस्त्र प्रहरी बल नेपाल राष्ट्रिय अनुसन्धान विभाग | तत्काल सुरू गरी निरन्तर | लागू औषध अपराध नियन्त्रणमा कानूनी कारबाहीको प्रभावकारिता बढ्नेछ |
| ४.१० | भन्सार बिन्दुमा Drug Detection Device प्रयोग गर्ने | अर्थ मन्त्रालय | प्रहरी प्रधान कार्यालय तथा सशस्त्र प्रहरी बल नेपाल | ३ महिना | भन्सार बिन्दुबाट हुने लागू औषध अपराधमा नियन्त्रण हुनेछ । |
| ४.११ | Narcotic Drugs, Psychotropic Substances and | अर्थ मन्त्रालय | गृह मन्त्रालय | तत्काल सुरू | Narcotic Drugs, Psychotropic |

| | | | | | |
|---|---|---|---|---|---|
| | Precursor Chemical आयातमा निगरानी र विस्तृत चेकजाँच गर्ने तथा आयातकर्ता र विक्रेताको अनुगमन गर्ने । | र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | गरी निरन्तर | Substances and Precursor Chemical को आयात तथा विक्री वितरणमामा हुने अनियमितताको नियन्त्रण हुनेछ |
| ४.१२ | लागू औषध ओसारपसार हुन सक्ने सीमावर्ती नाका, विमानस्थल र बसपार्क जस्ता संवेदनशील स्थानहरुमा तालिम प्राप्त कुकुर परिचालन गर्ने | प्रहरी प्रधान कार्यालय | सम्बन्धित कार्यालयहरू | तत्काल सुरू गरी निरन्तर | विमानस्थल र बसपार्क जस्ता संवेदनशील स्थानमा हुने लागू औषध अपराध नियन्त्रणमा प्रभावकारिता आउनेछ |
| **५. नीति, ऐन, कानून, निर्देशिका, कार्यविधि निर्माण, परिमार्जन र संसोधन** | | | | | |
| ५.१ | लागू औषध नियन्त्रण सम्बन्धी नयाँ नीति, ऐन/नियम निर्माण तथा विद्यमान ऐन/नियम निर्देशिका परिमार्जन गर्ने | गृह मन्त्रालय | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | तत्काल सुरू गर्ने | लागू औषध नियन्त्रण सम्बन्धी नीति, ऐन/नियम तथा निर्देशिका निर्माण तथा अद्यावधिक हुनेछ |
| ५.२ | लागू औषध नियन्त्रण सम्बन्धी संघीय नीति र कानूनसंग तादाम्यता हुने गरी सबै प्रदेश तथा स्थानीय तहले लागू औषध अपराध नियन्त्रण सम्बन्धी योजना, कार्यक्रम तथा वजेट व्यवस्था गरी कार्यान्वयन गर्ने | सबै प्रदेश तथा स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | चालु आ व भित्र | लागू औषध नियन्त्रणको लागि संघीय इकाइबीचको सहकार्य प्रभावकारी हुनेछ । |
| ५.३ | माध्यामिक तहको पाठ्यक्रममा लागू औषध विरूद्दको पाठ्य सामग्री समावेश गर्ने | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | चालु आ व भित्र | विद्यालयस्तर देखिनै लागू औषध विरूद्द चेतना र जागरण आउनेछ । |
| ५.४ | शिक्षक तालिममा लागू औषध अपराध नियन्त्रण सम्बन्धी छुट्टै मोडयूलको व्यवस्था गर्ने | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | चालु आ व भित्र | लागू औषध नियन्त्रणमा शिक्षकको भूमिकामा अभिबृद्दि हुनेछ |
| ५.५ | लागू औषध अपराध सम्बन्धमा किशोर किशोरी तथा अभिभावकको सचेतनाको लागि कार्यक्रम तथा बजेट व्यवस्था | महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय | सबै स्थानीय तहहरू | चालु आ व भित्र आगामी आवमा निरन्तर | किशोर किशोरीमा लागू औषध विरूद्द चेतना र जागरण ल्याउन सघाउ पुग्नेछ |
| **६. अध्ययन, अनुसन्धान र सर्वेक्षण** | | | | | |
| ६.१ | नेपालमा लागू औषध उत्पादन, ओसारपसार, बिक्रीवितरण तथा सेवनमा विद्यमान स्थिति समस्या र समाधान सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने | गृह मन्त्रालय | अर्थ मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग | १ वर्ष | लागू औषध अपराध नियन्त्रणको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम तर्जुमा गर्न आधार प्राप्त हुनेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.२ | लागू औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनस्थापना केन्द्र, लागू औषधको मौखिक प्रतिष्थापन उपचारकेन्द्रहरू (OST) को अनुगमन तथा प्रभावकारिता अध्ययन गर्ने | गृह मन्त्रालय | UNODC लगायतका साझेदार संस्थाहरू | १ बर्ष | उपचार तथा पुनस्थापना केन्द्र र लागू औषधको मौखिक प्रतिष्थापन उपचारकेन्द्रहरू (OST) को प्रभावकारिता बढाउन सघाउ पुग्नेछ |
| ६.३ | नियन्त्रित औषधिको वार्षिक माग प्रक्षेपण गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | औषधि व्यवस्था विभाग | ३ महिना | नियन्त्रित औषधिहरू(Controlled medicine) दुरूपयोग रोक्न सघाउ पुग्नेछ |
| ६.४ | लागू औषध सम्बन्धी नेपालको कानून र अन्तर्राष्ट्रिय कानूनको तादाम्यता सम्बन्धमा अध्ययन | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय | ६ महिना | लागू औषध सम्बन्धी नेपालको कानून र अन्तर्राष्ट्रिय कानूनबीच तादाम्यता कायम हुनेछ । |
| ७. | सहयोग र समन्वय | | | | |
| ७.१ | लागू औषध प्रयोगकर्ताहरूको लागि सञ्चालित उपचार तथा पुन:स्थापना केन्द्र तथा OST हरूको सुक्ष्म अनुगमन गरी सुधार र सहयोग गर्ने | गृह मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, UNODC लगायतका साझेदार संस्थाहरू | तत्काल सुरू गरी निरन्तर | उपचार तथा पुन:स्थापना केन्द्र तथा OST हरूमा विद्यमान अवस्थामा सुधार आइ प्रभावकारिता बढ्नेछ । |
| ७.२ | सडक बालबालिकाहरूलाई लागू औषध अपराधमा संलग्न हुन नदिन यिनीहरूको पहिचान, उद्दार र व्यवस्थापन गर्ने | प्रहरी प्रधान कार्यालय | स्थानीय तह | तत्काल सुरू गरी निरन्तर | लागू औषध अपराधमा सडक बालबालिकाहरूको प्रयोगमा नियन्त्रण हुनेछ |
| ७.३ | प्रदेश, जिल्ला र स्थानीय तहमा गठित समितिलाई मार्गदर्शन, सहयोग र समन्वय गर्ने | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | संघ, प्रदेश र स्थानीय बिचको सहकार्य र समन्वय प्रभावकारी बन्नेछ । |
| ७.४ | लागू औषध खेती तथा ओसारपसारबाट विस्थापन तथा जिविकोपार्जनको लागि कार्यक्रम तथा बजेट व्यवस्था गर्ने | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयहरू | १ बर्ष | बैकल्पिक रोजगारीको अवसर सृजना भई लागू औषधको खेती तथा ओसारपसारमा नलाग्ने बातावरण सिर्जना हुनेछ । |
| ७.५ | लागू औषध अपराधको सूचना संकलन तथा आदान प्रदान गर्ने | गृह मन्त्रालय | सबै प्रदेश र स्थानीय तह | तत्काल सुरू गरी निरन्तर | संघ, प्रदेश र स्थानीय बिचको सहकार्य र समन्वय प्रभावकारी बन्नेछ । |
| ७.६ | सीमावर्ती भारतीय समकक्षी संग बैठक गरी दुवै तर्फबाट सीमा नाकामा निगरानी र चेकजाच बढाउने । | गृह मन्त्रालय | परराष्ट्र मन्त्रालय | तत्काल | सीमा नाकामा हुन सक्ने लागू औषध अपराधमा नियन्त्रण हुनेछ |

६३

| | | | | | |
|---|---|---|---|---|---|
| ७.७ | BIMSTEC र SAARC को सूचना संयन्त्र विकास विस्तार र सूचना आदान प्रदानमा समन्वय गर्ने | परराष्ट्र मन्त्रालय | गृह मन्त्रालय | तत्काल पहल थाल्ने | लागू औषध अपराधमा संलग्न क्षेत्रीय सञ्जाल छिन्न भिन्न पार्न तथा अपराधीउपर कानूनी कारबाही गर्न सहज हुनेछ |
| ७.८ | सीमा पारीका लागू औषध अपराधीहरूको पहिचान र नियन्त्रणमा कुटनीतिक समन्वय गर्ने | परराष्ट्र मन्त्रालय | गृह मन्त्रालय | तत्काल | सीमाक्षेत्रमा हुने अपराध नियन्त्रणको लागि समन्वयात्मक प्रयास हुनेछ |
| ७.९ | लागू औषध नियन्त्रणको क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको अनुगमन र समन्वय गर्ने | महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय | गृह मन्त्रालय | तत्काल सुरू गरी निरन्तर | लागू औषध अपराध नियन्त्रणमा कार्यरत अन्तरराष्ट्रिय गैरसरकारी संघ संस्थाको पारदर्शिता र प्रभावकारिता बढ्नेछ |